## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल
### नगर कार्यपालिका वैठक
### वैठक संख्या १२/०७६/०७७

आज मिति २०७६ चैत्र १५ गते शनिबार दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री दिलबहादुर तामाङ्ग | का.वा. अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री गोरसमान आले | का.वा. अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | अनुपस्थित |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | अनुपस्थित |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री ब्रम्हज्ञ भट्टराई | का.वा. अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | अनुपस्थित |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | अनुपस्थित |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | अनुपस्थित |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | अनुपस्थित |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री विदुर प्रसाद खनाल | (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत | |
| ३२. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरु**

**१) कोरोना भाईरसको कारण गरिएको लकडाउनको अबस्था सम्बन्धमाः-**

हाल विश्वभर महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाईरसको रोकथामकालागि नेपाल सरकारले देशैभरी गरेको लगडाउनको आज छैटौ दिन सम्म आईपुग्दा धरानको अबस्था र संक्रमण रोक्न नगरपालिकाले हाल सम्म गरेका तपशिलका प्रयासहरुको नगर प्रमुखवाट बैठकलाई जानकारी भयो ।

क) लकडाउनलाई प्रभाबकारी वनाउन प्रहरी प्रशासन संगै नगर प्रहरी साथै नगरपालिकानै लागि परेको ।

ख) क्वारेन्टाईनकालागि शैनिक आबासीय विध्यालय र नेपाल पुलिस स्कूलमा क्वारेन्टाईको व्यबस्था गरिएको ।

ग) वडाहरुवाट विगत १५ दिन भित्रमा विदेशवाट आएर बसेका मानिसहरुको तथ्याङ्क संकलन गरिएको छ

घ) लकडाउनको समयमा खाध्यन्नको अभाब नहोस भनी डिपार्टमेन्टल स्टोरहरुवाट र उध्योग बाणिज्य संघ सुनसरीवाट socil distancing कायम राखी घर घरमा खाध्य सामाग्री उपलब्धगर्ने व्यबस्था मिलाईएको ।

ङ) ग्यास लगायतका बस्तुको अभाब पूर्ति गर्न नियमित वजार अनुगमण गरिएको ।

**२) कोरोना भाईरस रोकथाम समिति गठन सम्बन्धमा :**

हाल विश्वभर महामारीकव रुपमा फैलिईरहेको नोबल कोरना भाईरसको संक्रमण रोगथामकालागि यस धरान उप महानगरपालिकामा तपशिल अनुसारको नगर र वडा समिति गठन गर्ने निर्णय गरियो ।

क) नगर तहमा नगर प्रमुखको संयोजक , उप प्रमुख सह संयोजक , प्रमुख प्रसाशकीय अधिकृत सदस्य सचिव र सबै वडाध्यक्ष र कार्यपालिकाका सदस्यहरु सदस्य रहने नगर समिति ।

ख) वडा तहमा वडाध्यक्षको संयोजकत्वमा सबै वडा सदस्यहरु सदस्य रहने र वडा सचिव सदस्य सचिव रहने वडा समिति ।

**३) विपद व्यबस्थापन कोषमा पारिश्रमिक वापतको रकम दिने सम्बन्धमा :**

धरान उप महानगरपालिकामा विगत देखिनै विपद व्यबस्थापन कोषको स्थापना भै संचालनमा रहेकोमा मिति २०७६।१२।०९ गतेको कार्यपालिका बैठकवाट हाल प्रकोपको रुपमा विश्वभर फैलिरहेको नोवल कोरोना भाईरसको व्यबस्थापन गर्न सोही कोषको प्रयोग गर्ने निर्णय भएकाले उक्त धरान उप महानगरपालिकाको विपद व्यबस्थापन कोषमा यस उप महानगरपालिकाका सबै जन प्रतिनिधीहरुको १५ दिनको सुविधा रकम जम्मा गर्ने निर्णय गरियो ।

**४) राहत वितरण गर्ने सम्बन्धमा :**

हाल विश्वभर फैलिएको नोबल कोरोना भाइरसको संक्रमण रोकथामकालागि देशैभरी लकडाउन गरिएको करिब एक हप्ता हुन लागेकाले दैनिक मजदुरी गरेर खाने निम्न आयभएका नगरबासीहरुलाई खानेकुराको

समस्या पर्न थालेकाले तपशिलका मापदण्ड भित्ररहि सम्बन्धित वडाहरुले राहात वितरण गर्ने निर्णय गरियो ।

क) वडामा रहेका दैनिक ज्याला मजदुरी गरीखाने विपन्न र गरिविको रेखामुनी रहेका घर परिवारको लागत संकलन गर्ने ।

ख) राहत वितरण गर्दा दैनिक ज्याला मजदुरी गरीखाने परिवारलाई, लकडाउनका कारण खानको समस्या परेहाहरुलाई र अति विपन्न परपरिवारलाई वितरण गर्ने ।

ग) राहातको परिणाम ५ जना सम्मको प्रति परिवारकालागि १० के जी चामल, २ के जी दाल ,१ लिटर खाने तेल र १ पाकेट नून प्रति हप्ता वितरण गर्ने । ५ जना भन्दा ठूलो परिवारलाई सोहि समानुपातिक हिसावले वितरण गर्ने ।

घ) राहत संकलन ईच्छुक संघ संस्था तथा व्यक्तिवाट गर्ने साथै वडामा भएको प्रकोप व्यबस्थापन कोषको रकम समेत खर्च गर्न सक्ने ।

ङ) राहात वितरण गरेको लगत सबैवडाहरुले प्रमाणित गरेर राख्ने ।

**५) पशुहरुको आहारा सम्बन्धमा :**

हाल लकडाउनका कारण वजारमा पशुपन्छिहरुको आहारा तथा दानाको अभाव देखिन थालेकाले सो सम्बधी सप्लायर्सहरु संग आबश्यक समन्वय गरी सहजरुपमा उपलब्ध गराउने ब्यबस्था गर्ने निर्णय गरियो

आजको बैठक ४ वजे समाप्त भयो ।

बैठकको निर्णय माइन्यूट गर्ने वरिष्ठ प्रसाशकीय अधिकृत गणेश प्रसाद खतिवडा